**सभाध्यक्ष महोदय,**

यस गरिमामय नगरसभाको बैठकमा सिद्धार्थनगर नगरपालिकाको नगर उपप्रमखुको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएकी छु।

यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय-समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

नेपालको संविधान जारी भएपछि दोस्रो पटक स्थानीय तह को निर्वाचन सम्पन्न भएको छ। यसबाट नगरबासीमा नयाँ उत्साहको सञ्चार भएको छ ।स्थानीय तहको दोस्रो निर्वाचन पछिको दोस्रो आर्थिक वर्षको बजेट तथा कार्यक्रम पेश गर्न लागि रहेकी छु ।

राष्ट्रिय अर्थतन्त्रको हालको विषम परिस्थिति बाट तीनै तहका सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्रमा प्रतिकुल असर परेको अवस्थामा सिद्धार्थनगर नगरपालिका समेत प्रतिकुल अर्थतन्त्रको दुष्प्रभावबाट अछुतो छैन । यद्यपि, जनताको सवैभन्दा नजिकको सरकारको अनुभुति दिलाउदै आम नगरबासीको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत तथा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ यो बजेट तथा कार्यक्रम लक्षित गरिएको छ।

आगामी बजेट नगरबासीको समृद्धि, सुशासन र सामाजिक न्याय

कायम गर्न लक्षित हुनेछ। नगरपालिका भित्रको उद्योग ,व्यापार तथा पर्यटन प्रवर्द्धन गर्ने, डिजिटल र ग्रिन क्लिन इको फ्रेन्ड्ली नगरपालिकाको रुपमा विकास गर्ने, युवालाई नगरभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशीलता विकास गरी गरिबी न्यूनीकरण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने तथा स्रोत र साधनको मितव्ययी, प्रभावकारी एवम् परिणाममुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नगरबासीको अपेक्षालाई सम्बोधन गर्ने र नगरपालिकाको अर्थतन्त्रमा देखिएका अप्ठेराहरू हटाई जनतामा आशा र भरोसाको सञ्चार गर्ने जिम्मेवारी बोध गरिएको छ। राजनीतिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ संस्था, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत र आम नगरबासीको सहयोग र ऐक्यवद्धताबाट नगरपालिकाको अर्थतन्त्रमा देखिएका विद्यमान चुनौती सामना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिइएको छ।

नगरले प्रवाह गर्ने सार्वजनिक सेवा र विकासको प्रत्याभूतिका लागि विभिन्न क्षेत्र मा लगानी गर्दै नगरका सम्भावनाहरूको उपयोग गरी **“कृषि, स्वास्थ्य, पर्यटन, उद्योग, व्यापार र शिक्षा : हराभरा बुद्धभूमि सिद्धार्थनगरको इच्छा”** सहितको नगरपालिकाको दीर्घकालीन सोंचलाई आत्मसात गर्दै यो वार्षिक बजेट तथा कार्यक्रम निर्माण गरिएको छ।बजेटमा पूर्वाधार विकास, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन, आर्थिक-सामाजिक

विकास र सुशासन तथा संस्थागत विकास लगायतका क्षेत्रमा प्राथमिकता दिइएको छ।

आ.व. २०८०/८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, आवधिक योजना, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,नगरसभामा पेश भएका नीति तथा कार्यक्रम, संघीय र प्रदेश सरकारका चालु आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, नगरपालिकाको आवधिक योजना, नगरपालिकाको स्वमूल्यांकन सूचकहरु, नगरपालिकाले विगतमा लिएका नीति तथा कार्यक्रम र निर्माण गरिएका ऐन, कानूनहरू, राजनैतिक दलहरू, नागरिक समाज, निजी क्षेत्र, स्थानीय सामुदायिक संघ संस्था, वुद्धिजीवी, संचारकर्मी लगायतका क्षेत्रहरू बाट प्राप्त राय, परामर्श, रचनात्मक सुझावहरूलाई आधार मानेर यो बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ।

सभाध्यक्ष महोदय,

सर्वप्रथम यस गरिमामय सभा समक्ष चालू आर्थिक वर्षको आय-व्ययको यथार्थ विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।
चालु आर्थिक वर्षमा राजस्व सङ्कलन लक्ष्य भन्दा कम छ। राजस्व प्रणालीमा सुधार र करको दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

चालु आ.व. २०७९/८० मा रू. १ अर्ब ३४ करोड ५४ लाख ३५ हजार अनुमान गरिएको थियो। विभिन्न शसर्त अनुदानहरु थप हुँदै जाँदा सो अनुमान रु १ अर्व पैतिस करोड उनान्सय लाख चौध हजार संसोधित आय हुने अनुमान गरिएको छ। सो मध्ये चालु आ.व. २०७९/८० को ज्येष्ठ मसान्त सम्म जम्मा रु.९४ करोड १४ लाख ६७ हजार १ सय ५६ रुपैया आम्दानी भएको छ भने खर्च रू. ७४ करोड ३१ लाख पचास हजार ९ सय ७१ रूपैया खर्च भएको छ।

**सभाध्यक्ष महोदय,**

**आगामी आ.व. २०८०/८१ को प्रस्तावित आय व्यय विवरण निम्न अनुसार रहेको छ।**

यस नगरपालिकाको आर्थिक वर्षद्दण्डण / डज्ञमा संघीय सरकार बाट समानीकरण अनुदानमा रु ,लाख डढ करोड ज्ञठ .ससर्त अनुदानमा रु,लाख छ्द्ध करोड द्दड . समपूरक अनुदान रु .८० लाख ,विशेष अनुदान रुद्धट लाख द्धघ करोड ज्ञण .राजश्व वाडफाड रु, लाख ढण . हजार  र प्रदेश सरकार बाट  वित्तीय समानीकरण अनुदान रु ज्ञ .  हजार घघ लाख घठ करोड, सशर्त अनुदान रु  हजार छ्ण लाख डट, राजस्व बाँडफाँट रु ज्ञघ सय द्ध हजार डण लाख डट ., समपूरक  अनुदान रु लाख छ्ण करोड ज्ञ ., नेपाल  सरकार र एसियाली विकास बैंकको संयुक्त लगानीमा संचालन हुने परियोजनाको लागि

दातृ निकाय बाट प्राप्त हुने रकम रु.१३ करोड लाख द्धण, मालपोत कार्यालयबाट प्राप्त हुने राजस्व बाँडफाँडको रकम रु करोड छ ., आन्तरिक आयबाट **रूलाख र अनुमानित बैंक ढछ करोड ज्ञढ. मौज्दातरु डठ सय छ हजार घद्द लाख डढ करोड ज्ञज्ञ गरी जम्मा ज्ञ ज्ञघ अर्बकरोड द्धज्ञ लाख द्धद्द हजार हुने अनुमान** गरिएको छ। आ.ब . द्दण्डण/ डज्ञमा सञ्चालन गरिने विभिन्न कार्यक्रम र बजेट विवरण यसै बजेटमा समावेश गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म सिद्धार्थनगर नगरपालिकाको आ.व आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन्ः

क. गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने,

ख. निजी क्षेत्रको मनोवल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,

ग. प्रशासकीय सुशासन कायम गर्ने

घ. सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त तथा सेवाग्राही मैत्री बनाउने

ङ. नगरबासीलाई घरदैलोमै स्थानीय सरकारको अनुभुति दिलाउने ।

**बजेटका प्राथमिकताहरू निम्नअनुसार रहेका छन्ः**

क.कृषि, शिक्षा,स्वास्थ्य र पर्यटन क्षेत्रको विकास,

ख.सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा,
ग.गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
घ.डिजिटल र ग्रिन क्लिन इको फ्रेन्ड्ली नगरको निर्माण
ङ.वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापन,
च.मानव संसाधन विकास र रोजगारी सिर्जना
,छ.सहकारी लगायतका  वित्तीय क्षेत्र सुधार
ज.सार्वजनिक सेवा प्रवाहमा सुधार,

वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका प्राथमिकताका कार्यक्रमहरू कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र दातृनिकायहरू, निजी क्षेत्र सँग सहकार्य र समन्वय गरिनेछ। उपलब्ध श्रोत, साधन, सीप, पूँजी र क्षमताको उपयोग गर्न विषयगत निकायहरूसँग साझेदारी गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष २०८०/८१ को क्षेत्रगत विनियोजन बजेट अन्तर्गत पूर्वाधारतर्फ विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।**

१। नगरको एकीकृत शहरी विकास योजनाका आधारमा पूर्वाधार तर्फका कार्यक्रमहरु संचालन हुनेछन्। नगरको दीर्घकालीन महत्व राख्ने डण्डा कोरिडोर लगायत मझौला तथा ठूला आयोजना संचालन गर्न  प्रदेश सरकार, संघीय सरकार तथा स्वदेशी तथा विदेशी दातृ निकायहरूसँग सहकार्य गर्ने व्यवस्था मिलाइनेछ।

२। नगरका हाल कार्यान्वयनका क्रममा रहेका क्रमागत तथा बहुवर्षीय योजनाहरु सम्पन्न गर्नका लागि कुल रकम रु ३ करोड ५० लाख विनियोजन गरिएको छ ।

३। नगरमा बिद्युत पोल व्यवस्थापनका लागि रु ९ लाख विनियोजन गरिएको छ।

४। नगरपालिकाको वडा नं. २ मा रहेको पृथ्वी पार्क निर्माणका लागि प्रदेश सरकार समपूरक अनुदानबाट रू. ५० लाख र नगरपालिकाको सहभागिता रू. १ करोड गरी कुल जम्मा रू. १ करोड ५० लाख विनियोजन गरिएको छ।त्यसैगरी सामुदायिक कृषि हाटबजार बी ब्लक को पूर्वाधार निर्माण गर्न प्रदेश सरकार समपूरक अनुदानबाट रू. १ करोड र नगरपालिकाको सहभागिता रू. १ करोड गरी कुल जम्मा रू २ करोड विनियोजन गरिएको छ ।

५। नगरपालिका भित्र जिर्ण भएका सडकहरुको मर्मत सम्भारका लागि सडक बोर्ड नेपाल बाट रू. ८० लाख र नगरपालिकाको सहभागिता रू. ५० लाख हुने गरी रू. १ करोड ३० लाख र यसै कार्यक्रम अन्तर्गत सडक ग्राभेल तथा बेसकोर्स निर्माणका लागि २५ लाख विनियोजन गरिएको छ।साथै मर्मत सम्भार कोषबाट विभिन्न पुर्वाधार मर्मतका लागि रु २० लाख विनियोजन गरिएको छ ।

६। वडास्तरीय योजनाको लागि रू.१० करोड ६५ लाख विनियोजन गरिएको छ।जस मध्ये वडा नं. १ का लागि रू. ८९ लाख २७ हजार, वडा नं. २ का लागि रू. ७६ लाख ३४ हजार, वडा नं.

३ का लागि रू. ९० लाख १२ हजार, वडा नं. ४ का लागि रू. ८४ लाख १५ हजार, वडा नं. ५ का लागि रू. ६२ लाख ९३ हजार, वडा नं. ६ का लागि रू. ९४ लाख ८० हजार, वडा नं ७ का लागि रू. ७४ लाख ५९ हजार, वडा नं. ८ का लागि रू ९७लाख, वडा नं. ९ का लागि रू. ९६लाख ३हजार, वडा नं. १० का लागि रू. ७७लाख ८९ हजार, वडा नं. ११ का लागि रू. ७१लाख ७४ हजार, वडा नं १२ का लागि रू. ७५ लाख ५३ हजार र वडा नं १३ का लागि रू. ७४ लाख ९७ हजार विनियोजन गरिएको छ । सो रकम वडाका अत्यावश्यक पूर्वाधारहरु, आर्थिक, सामाजिक, वातावरण र विपद्व्यवस्थापन तथा सुशासन र संस्थागत विकासमा खर्च हुनेछ।

७। नगर तथा वडाहरुको सन्तुलित विकासका लागि अन्य पूँजीगत शीर्षक अन्तरगत रु. २ करोड विनियोजन गरिएको छ।सो रकमबाट नगरका सडक पिच, नाला निर्माण, सडक ग्राभेल, मर्मत संभारका कार्यहरु लगायतका पूर्वाधार निर्माणमा खर्च गरिनेछ।

८। सवारी दुर्घटना न्युनीकरण गर्न जेब्रा क्रसिंग निर्माण तथा ट्राफिक सचेतना अभियान कार्यक्रमका लागि रु १० लाख, नगर क्षेत्र भित्र सडक सौन्दर्यीकरण,ग्रिन क्लिन इको फ्रेन्ड्ली सिटी निर्माण का लागि रु. ४५ लाख, नगरपालिकाको विभिन्न सडकहरूमा सडक बत्ती व्यवस्थापनका गर्न आवश्यक विद्युत सामग्री खरीदका लागि रू. ५० लाख विनियोजन गरिएको छ ।

९। सिनपा का विभिन्न स्थानमा फायर हाइड्रेन्ट जडान तथा निर्माण कार्यका लागि रु. १५ लाख,बेलहिया बसपार्क व्यवस्थापन का

लागि रु २० लाख ,बेलहियामा वाटर एटिएम जडानका लागि रु ७ लाख ,विद्युत स्मार्ट लाइट का लागि रु ५० लाख बेलहियामा वाटर फाउन्टेन जडान तथा सुन्दरीकरणका लागि रु.२० लाख रकम विनियोजन गरिएको छ ।

१०। छाडा चौपाया व्यवस्थापनका लागि कान्जिहाउस निर्माण र घाट व्यवस्थापन वार्ड ११ का लागि रु ४२ लाख, कान्जिहाउस जाने सडक निर्माण वार्ड ११ लाइ रु २५ लाख ,अन्य पालिकाको साझेदारी समेत ल्याण्डफिल साइट व्यवस्थापन पूर्वाधार निर्माण वार्ड १ र २ का लागि रु ७० लाख, नौडिहवा गाउमा मदिना मश्जिद निर्माण वार्ड १ का लागि रु १४ लाख ,मेउडिहवामा प्रस्तावित धर्मशालाको कम्पाउण्ड वाल निर्माणका लागि रु २२ लाख , बुद्ध शान्ति पथ वार्ड ३ मा नाला तथा सडक निर्माणका लागि रु १६ लाख विनियोजन गरिएको छ । वार्ड ४ मा मुक्तिधाम घाट निर्माणका लागि रु.१४ लाख, वार्ड ५ स्थित काली भक्ति गण भित्र अवस्थित छठ पोखरी मा पूर्वाधार निर्माणका लागि रु ३० लाख, पश्चिमान्चल स्कुलबाट शहिदपथ जाने बाटो निर्माण वार्ड ६ का लागि रु १३ लाख, वार्ड ७ आर्यपथ देखि डाडागाउँ हुदै डण्डा खोला जाने नालामा पुर्वाधार निर्माण का लागि रु.२२ लाख, वार्ड ८ मा बृन्दापथ र गंगालाल पथ सडक तथा नाला निर्माणका लागि रु ३० लाख , सिमाना पथ तथा मामा भान्जी पथमा अपुरो नाला निर्माण वार्ड ९ का लागि रु २४ लाख, वार्ड १० मा मश्जिद देखि शंकरपुर जाने बाटोमा नाला निर्माण का लागि रु २५ लाख रकम

विनियोजन गरिएको छ । साथै वडा नं ११ मा पिपरहैया गाउँ देखि दक्षिण बोर्डर सम्म तथा वडा समिति भवन देखि दक्षिण नौडिहवा गाँउ हुदै दक्षिण बोर्डर सम्म सडक पूर्वाधार निर्माण का लागि र.३२ लाख, वडा नं १२ मा गौरिश्वर पथ देखि हुलाकी सडक सम्म जोड्ने नाला निर्माणका लागि रु.१५ लाख र वडा नं १३ को भवन निर्माणका लागि रु ३५ लाख रकम विनियोजन गरिएको छ ।

११। नगरपालिकाको निर्माणाधिन प्रशासनिक भवनका लागि लागत सहभागिता र समपूरक अनुदान गरी रु.२ करोड ४९ लाख विनियोजन गरिएको छ।

१२। संघ र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानबाट नगरपालिका क्षेत्र भित्रका स-साना गल्ली, नाला र सडकको स्तरउन्नती गर्नका लागि प्राप्त रकम सम्बन्धित योजनामा खर्च गरिनेछ।

१३। नगरपालिकामा हाउस नम्बरिङ्ग कार्यको लागि रु ७० लाख विनियोजन गरिएको छ ।

१४। नेपाल सरकार र एसियाली विकास बैंकको संयुक्त लगानीमा संचालन हुने परियोजनाको लागि दातृ निकाय बाट प्राप्त हुने रकम रु १३ करोड ४० लाख र नगरपालिकाबाट विनियोजन हुने रकम रु २ करोड ९५ लाख गरी कुल रु.१६ करोड ३५ लाख विनियोजन गरिएको छ ।

१५। बैंकरोडमा जेष्ठ नागरिक,बालबालिका,अपाङ्ग तथा महिला मैत्री फुटपाथ निर्माणका लागि रु.९० लाख विनियोजन गरिएको छ ।

१६। सिद्धार्थनगर नगरपालिकाको दिर्घकालिन सोच, उद्देश्य, रणनीति सहितको आवधिक योजना निर्माण गर्न रु १० लाख विनियोजन गरिएको छ ।

१७। लुम्बिनी प्रेश क्लब र रुपन्देही क्रिकेट संघमा पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

१८। नगरक्षेत्र भित्रका विपन्न नागरिकका लागि सुरक्षित आवासको सुनिश्चितता गर्न मेयर आवास कार्यक्रमलाई रु.३५ लाख विनियोजन गरिएको छ ।

१९। नगरपालिका क्षेत्रभित्र पर्यटकलाई आकर्षित गर्न उपयुक्त स्थानमा आधुनिक घण्टाघर निर्माणको लागि रु ४५ लाख विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय**

**अब म आगामी आर्थिक वर्ष २०८०/८१ को क्षेत्रगत विनियोजन बजेट अन्तर्गत सामाजिक विकास तर्फको विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।**

२०। ८० वर्ष उमेर पुगेका जेष्ठ नागरिकको घरदेलो मै पुगी स्वास्थ्य परीक्षण का लागि रु २ लाख ५० हजार विनियोजन गरिएको छ ।

२१। फोहोरमैला क्षेत्र प्रभावित वार्ड १ र २ का बासिन्दालाइ वार्ड कार्यालयको सिफारिसमा निशुल्क स्वास्थ्य विमा कार्यक्रमका लागि रु ७ लाख बजेट विनियोजन गरिएको छ । यसै गरी

नगरवासीहरुको लागि रणअम्विका आँखा अस्पतालको सहकार्यमा निशुल्क आँखा जाँच शिविरका लागि रु. १० लाख विनियोजन गरिएको छ ।

२२। सिद्धार्गनगर नगरवासीहरु कोही पनि रगतको कमिले अकालमै ज्यान गुमाउनु नपरुस भन्ने उद्देश्यले नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा निशुल्क रुपमा रगत उपलब्ध गराउने कार्यक्रमका लागि  रु १० लाख बजेट विनियोजन गरिएको छ ।

२३। महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रममा प्रोत्साहनको लागि यातायात, खाजा, तालिम पोशाक आदिको लागि रू. २६ लाख विनियोजन गरिएको छ । साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि निःशुल्क सरकारी स्वास्थ्य वीमाको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

२४। आवश्यकता अनुसार वडाहरुका स्वास्थ्य सँस्थाहरुमा स्तनपान कक्ष सहित खोप क्लिनिक पूर्वाधार  निर्माणको लागि रु ३० लाख विनियोजन गरिएको छ ।

२५। आधारभूत तथा आकस्मिक सेवाका लागि औषधी र स्वास्थ्य सुरक्षा सामग्रीको लागि रू. १५ लाख  विनियोजन गरिएको छ ।

२६। उपप्रमुख सुरक्षित मातृत्व प्रवर्द्धन कार्यक्रम अन्तर्गत उपमेयर सुत्केरी भेट कार्यक्रमलाई यस आर्थिक वर्षका लागि पनि निरन्तरता दिइएको छ, जसको लागि रू.१२ लाख बजेट विनियोजन गरिएको छ । आमा र बच्चाको शरीर जोखिम

न्यूनीकरणको लागि मातृ शिशु प्रवर्द्धन कोष स्थापना गरी सो कोषमा रु ५ लाख विनियोजन गरिएको छ ।

२७। पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि रु २ लाख विनियोजन गरिएको छ ।

२८। कक्षा ८ को नगरस्तरीय परीक्षा सञ्चालन गर्न तथा बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुका लागि थप तलबका लागि रु. ५८ लाख ३० हजार विनियोजन गरिएको छ ।

२९। सामुदायिक विद्यालयका प्र.अ.तथा शिक्षकहरुलाई क्षमता विकास कार्यक्रम, निरन्तर सिकाई अभिबृद्धिका लागि सहजीकरण गर्ने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । स्मार्ट कक्षाकोठा निर्माणको लागि रु.१० लाख र छात्राहरुलाई गुड टच-व्याड टच सम्बन्धी सचेतना कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

३०। स्थानीय पाठ्यक्रम निर्माण लेखन र छपाइका लागि रु. २२ लाख बजेट विनियोजन गरिएको छ ।

३१। शिक्षा तर्फ सशर्त अनुदान बापत प्राप्त हुने रकम बाट चालु तर्फ शिक्षकको तलब भत्ता, पाठ्यपुस्तक, दिवाखाजा, विद्यालय संचालन अनुदान, धार्मिक विद्यालयका लागि अनुदान, शैक्षिक गुणस्तर सुधार, छात्राहरुलाई सेनिटरी प्याड वितरणमा खर्च हुनेछ। साथै पूँजिगत तर्फ बालवहिरा विद्यालयको रु ९० लाख विशेष अनुदान प्राप्त भएकोमा सोही बमोजिम पूर्वाधार निर्माण गरिनेछ।

३२। भुजौली प्रावि भवन पुर्वाधार निर्माण का लागि रु ५० लाख ,पक्लिहवा मावि भवन पुर्वाधार निर्माण का लागि रु ४५ लाख रकम विनियोजन गरिएको छ ।

३३। युवाहरुको लागि आयमूलक, सीपमूलक कार्यक्रमको लागि रु. १२ लाख, विपन्न महिलाहरुको लागि क्षमता अभिबृद्धि तालिम कार्यक्रम संचालन गर्न रु ४ लाख ,अपांगता भएका व्यक्तिहरु लाइ आवश्यक सामग्री वितरण का लागि र ३ लाख विनियोजन गरिएको छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि रु. ७ लाख थप रकम विनियोजन गरिएको छ ।

३४। तेस्रो लिङ्गीका लागि स्वास्थ्य परीक्षण तथा आयमुलक कार्यक्रम,ईरिक्सा चलाउने महिलाहरुलाई प्रोत्साहन कार्यक्रम का लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३५। सडक मानव मुक्त नगर बनाउने आवश्यक कार्यक्रमको लागि मानवसेवा आश्रम लाइ रु. ३ लाख विनियोजन गरिएको छ ।

३६। तेक्वान्दो क्लब भवनका लागी रु २० लाख विनियोजन गरिएको छ ।

३७। खेल तथा खेलाडी अक्षय कोषका लागि थप रकम १ लाख ५० हजार , पत्रकारिता अक्षय कोषका लागि १ लाख, भाषा, कला, संस्कृति र साहित्य अक्षयकोषमा थप गर्नको लागि रु ७५ हजार विनियोजन गरिएको छ ।

३८। उपभोक्ताको स्वास्थ्य एवं हककहित बृद्धि तथा बजार अनुगमन, महिला समूह, समिति गठन एवं परिचालन, वडास्तरीय परामर्श

बैठक, अनुशिक्षण कार्यक्रम, आधारभूत तालिम, नेतृत्व तथा संस्थागत विकास तालिम आदिको लागि आवश्यक रकम व्यवस्था गरिएको छ ।

३९। बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गर्न रु. १० लाख रकम बिनियोजन गरिएको छ ।लागुपदार्थ दुर्व्यसनी धुम्रपान तथा मध्यपान विरुद्द सचेतना कार्यक्रम, लैङ्गिक हिंसा निवारण सम्बन्धी सचेतना मूलक कार्यक्रम सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।सामाजिक सुरक्षा तथा पंजिकरण तर्फ वडाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम, शिविर संचालन आदिका लागि रु ५ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**आ.व.२०८०/८१ को आर्थिक विकास तर्फ विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

४०। कृषि सामग्री वितरण, ताजा तरकारी उत्पादनका लागि मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी स्थलगत घुम्ति तालिम, तरकारी बालीको उत्पादन, प्रर्दशन र तरकारी बीउको मिनी किट वितरणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४१। च्याउखेती सम्बन्धी (बीउ वितरण) कार्यक्रम, च्याउ खेती सम्बन्धी स्थलगत घुम्ति तालिमका लागि रु. १ लाख, साधारण तथा पावर स्प्रेयरका लागि रु. १ लाख ५० हजार, आकस्मिक

बाली संरक्षण सेवाका लागि रु.१लाख, प्राङ्गारिक तथा बर्मी कम्पोष्ट मल वितरण ३ लाख, धान तथा गहुँको मूल वा उन्नत जातको बीउ वितरणका ५० प्रतिशत अनुदानमा वितरणका लागि २० लाख विनियोजन गरिएको छ । साथै तोरी र मुसुरोको बीउ अनुदानमा वितरण, खाद्यान्न तथा बीउ उत्पादन सम्बन्धी स्थलगत घुम्ति तालिमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४२। नगरका कृषकहरुको माटो सुधार तथा परीक्षण प्रविधि प्रसार तथा सामग्री वितरणका लागि रु २ लाख, प्याज खेती प्रवर्द्धनका लागि २ लाख, कृषि औजार तथा सिचाई यन्त्र उपकरण ५० प्रतिशत अनुदानमा वितरण गर्न ५ लाख, मागमा आधारित कृषि कार्यक्रम संचालन रु. ४ लाख ५० हजार , बर्षे फलफूलको बिरुवा वितरणका लागि २ लाख ५० हजार विनियोजन गरिएको छ ।

४३। साथै संघीय सरकारको सशर्त अनुदानबाट चालु खर्च तर्फ प्राप्त रकमबाट किसान सूचीकरण, स्थापना भएका साना व्यवसायी कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम), बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम), गहुँ बालिको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट कार्यक्रम) संचालन गरिनेछ।

४४। पशुपन्छी विकास तर्फ गाई भैसिको स्वच्छ दुध उत्पादन, चापा कटर वितरण, विभिन्न खोप सेवा, कृत्रिम गर्भाधानका लागि सामग्री तथा तरल नाइट्रोजन खरीद तथा ढुवानी, घाँसको बिउँ

वितरण, मिनरल तथा भिटामिन वितरण कार्यक्रम का लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४५। नगरक्षेत्र भित्र सामुदायिक कुकुर बन्ध्याकरण र रेविज भ्याक्सिनेसनका लागि रु १० लाख विनियोजन गरिएको छ ।

४६। पशुपन्छी सेवा तर्फ सशर्त अनुदानबाट प्राप्त रकम बाट इपिडिमियोलोजी रिपोर्टिङ्ग, कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन हुनेछन्।

४७। सशर्त अनुदान मध्ये प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिक अनुदान, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत रोजगार सेवा केन्द्रको संचालन, कामका लागि पारिश्रमिक योगदान कार्यक्रमका लागि आएको रकम सोही कामका लागि खर्च हुने व्यवस्था मिलाइएको छ।यस कार्यक्रमको लागि आवश्यक निर्माण औजारहरु खरिद गर्न रु ५ लाख नगरपालिकाको तर्फ बाट विनियोजन गरिएको छ।

४८। सहकारीतर्फ, केन्द्रियता तथा पर्ल्स अनुगमन, एकीकृत नमुना सहकारी विकास कार्यक्रम ऋण जोखिम व्यवस्थापन लगायतका तालिम र अनुगमन तथा सहकारी गोष्टी र सहकारी पुरस्कार लगायतका कार्यक्रमका लागि रु १३ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ ।

४९। पर्यटन तर्फ पर्यटन सहकारीमा लगानि ,नगरभित्र पर्यटन सूचना केन्द्र संचालन ,नगरक्षेत्र भित्रका पर्यटकीय क्षेत्र तथा गन्तब्य

को पहिचान तथा  पर्यटन प्रवर्द्धनात्मक क्रियाकलापका लागि ३ लाख विनियोजन गरिएको छ ।

५०। नगरपालिका को राजस्व सुधार कार्य अन्तरर्गत रु. ५ लाख विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म आव २०८०/८१ को वातावरण तथा विपद्व्यवस्थापन तर्फ विनियोजित बजेट प्रस्तुत गर्दछु।**

५१। नगर क्षेत्रको फोहरमैला व्यवस्थापन, फोहोरलाई श्रोतमै न्यूनीकरण, प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्न, मुख्य नालाको दैनिक सरसफाई, ठूला तथा साना नाला सरसफाईको लागि रु २० लाख, नगर कार्यपालिकाको मुख्य मुख्य स्थानमा सार्वजनिक शौचालय निर्माण का लागि ४५ लाख विनियोजन गरिएको छ ।

५२। Clean-Green and Environment friendly City कार्यक्रम संचालनको लागि रु ४५ लाख विनियोजन गरिएको छ ।

५३। विपद् व्यवस्थापन कोषको लागि रु २० लाख, नगरको नियमित सरसफाइका लागि जनशक्ति परिचालन लगायत अन्य कामको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

**सभाध्यक्ष महोदय,**

**आव २०८०/८१ को सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास तर्फ विनियोजित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु।**

५४। मानव संशाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र सुशासन कायम गर्न जनशक्ति नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य सेवा प्रवाह गर्ने संयन्त्र तथा अन्य प्रशासनिक कार्य संचालनका लागि कुल रकम रु. २२ करोड ८८ लाख ६२ हजार विनियोजन गरिएको छ।

५५। आ.व. २०७८।७९ मा नगरपालिकाले सम्पादन गरेका कार्यहरुको स्थानीय तह स्वमूल्यांकन कार्यविधि, २०७७ बमोजिम नगरपालिकाको मूल्यांकन गर्दा ८३ अंक प्राप्त भएको छ। मूल्यांकन अनुसार अन्य स्थानीय तहहरु मध्ये सिद्धार्थनगर नगरपालिकाको स्थान अग्रपंक्तिमा नै छ। आगामी दिनहरुमा अझ थप सुधारका लागि गर्नुपर्ने नीतिगत, प्रक्रियागत र संस्थागत सुधारका लागि आवश्यक पर्ने साधन स्रोतहरुलाई बजेटमा समावेश गरिएको छ।

५६। विगत समय देखि कार्यरत अस्थायी तथा करारमा कर्मचारीहरूको आर्थिक वर्ष २०८०/८१ मा समेत उनीहरूको सेवामा निरन्तरता कायम गर्ने व्यवस्था मिलाइएको छ ।साथै अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरूको सेवा सुविधाको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

५७। कर्मचारीहरूको सेवाको निरन्तरता , स्थायित्वका लागि क्षमता विकास, तालिम लगायतका क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक व्यवस्था मिलाइएको छ। राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोवल कायम गरी काम गर्ने वातावरण सृजना गर्न आवश्यक व्यवस्था मिलाईएको छ।

५८। नगर क्षेत्रभित्र दर्ता भएका एफ.एम, टिभी, पत्रपत्रिका, अनलाइन सँग सम्झौता गरी सूचनामूलक र सन्देशमूलक सामग्री प्रकाशन र सम्प्रेषणका लागि रु १२ लाख, फ्रि वाइफाइ जोनका लागि ५ लाख, लुम्बिनी सूचना महोत्सव लाई आवश्यक बजेट विनियोजन गरिएको छ।

५९। मेलमिलाप केन्द्रको सुदृढीकरण, न्यायिक समितिका कार्यक्रम संचालन र मेलमिलापकर्ताको क्षमता विकास, कार्यक्रम संचालन गर्न १९ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

६०। सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत सशर्त अनुदानबाट प्राप्त हुने कार्यक्रमहरु सोही बमोजिम संचालन हुनेछन्।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष२०८०/८१ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

राजस्व परिचालनका नीतिहरु देहाय बमोजिम हुनेछन्-

६१। नगरपालिकाको राजश्व संकलन कार्यलाई प्रभावकारी, वस्तुगत तथा तथ्यपरक बनाई दायरा वृद्धि गर्ने नीति अनुरुप यस वर्ष देखि व्यवसाय करको दर, पुंजी र कारोबारको आधारमा लाग्ने व्यवस्था गरिएको छ । सानो पूँजि तथा कारोबार हुनेलाई कम कर र ठुलो पूँजी तथा कारोबार हुनेलाई बढी कर लाग्ने गरी दर कायम गरिएको छ ।

६२। विगतका वर्षहरुमा नगरपालिकामा दर्ता नभई संचालनमा रहेका, दर्ता भएर वार्षिक रुपमा नवीकरण नभएका व्यवसायहरुलाई करको दायरामा ल्यउन, विगतको बक्यौता र जरिवानाले गर्दा व्यवसाय कर बुझाउन अप्ठ्यारो परेका व्यवसायीहरुलाई लक्षित गरी छुट प्रदान गरी नगरपालिकाको व्यवसाय कर प्रणालीमा दर्ता गरिनेछ ।

६३। आ.व.२०८०/०८१ मा बहाल कर प्रयोजनका लागि नगरक्षेत्र भित्र बहाल (भाडा)तर्फको न्यूनतम दरलाई नगरक्षेत्रमा रहेका व्यवसायीहरुको प्रतिनिधि संस्थाबाट प्राप्त राय सुझावलाई मनन् गरी परिमार्जन गरिएको छ ।

६४। सम्पति कर र मालपोत (भूमिकर)को दरलाई वैज्ञानिक र समानुपातिक रुपमा कायम गरिने साथै दोहोरो मूल्याङ्कन पद्धतिलाई हटाएर मालपोत कार्यालयले निर्धारण गर्ने दरसँग एकरुपता कायम गरिनेछ ।

६५। नगरक्षेत्र भित्रको सडकहरुलाई पार्किङ्ग मुक्त बनाई नगरक्षेत्रको सुन्दरता तथा सडक प्रयोग गर्ने नागरिकको सुरक्षालाई ध्यानमा राखी हाल बजारक्षेत्रलाई पार्किङ्ग मुक्त क्षेत्र (No Parking Zone)को रुपमा विकास गरिनेछ । यस कार्यका लागि निजीक्षेत्रको सहयोगमा निजी पार्किङ्ग स्थल संचालनमा ल्याइनेछ ।

६६। फुटपाथ तथा सडकमा व्यवसाय गर्ने साना पूँजीका स्वरोजगार व्यवसायीहरुलाई ठेला व्यवसायीका रुपमा दर्ता गरी कर लिने प्रणाली खारेज गरिनेछ ।सडक तथा फुटपाथ व्यवसायी (ठेला व्यवसायी)लाई जनजिविका चलाउन बाध्यताका रुपमा गरिने कार्यको रुपमा हेरी ठेला व्यवसायलाई नगरपालिकाले नगरक्षेत्रमा विभिन्न स्थान पहिचान गरी सडक व्यापार क्षेत्र निर्माण गरी सो स्थानमा फुटपाथ सडक व्यवसाय लाई व्यवस्थित गरी व्यवसाय संचालन गर्ने व्यवस्था मिलाइनेछ।

६७। नगरपालिकालाई वार्षिक रुपमा बुझाउनुपर्ने कर तोकिएको समय सिमामा बुझाउँदा छुट तथा समय सीमा पछि बुझाउँदा दण्ड-जरिवाना लिने नीति अपनाइने छ ।

६८। निरन्तर रुपमा निर्धारित समय सीमा भित्र नगरपालिकालाई कर बुझाउने करदातालाई सम्मान गरिनेछ ।

६९। नगरक्षेत्रलाई आफ्नो कार्यक्षेत्र बनाई कार्य गरिरहेका संघ तथा प्रदेशमा दर्ता भएका सहकारी, स्वंयसेवी/सामाजिक/ गैर सरकारी संस्थाहरुको विवरण नगरपालिकामा राखी अनुगमन गरिनेछ ।

७०। सेवाग्राहीले घरबाटै कर तथा शुल्क बुझाउन सक्ने गरी विद्युतीय भुक्तानी प्रणाली लाइ सुदृढीकरण गरिनेछ ।जसबाट नगरपालिका र वडा कार्यालयको राजश्व संकलन कार्यलाई cashless and Facelessबनाउदै लैजान आवश्यक व्यवस्था मिलाइनेछ ।

७१। व्यवसायीहरूलाई कर तिर्न प्रोत्साहित गर्न कर सचेतना अभियानका कार्यक्रम सञ्चालन गरिनेछ। कर असुली कार्यलाई थप प्रभावकारी बनाउन वडा समिति र टोल विकास संस्थाहरूलाई परिचालन गरिनेछ।

७२। आर्थिक वर्ष २०८०/८१मा करका दर, छुट सम्बन्धी व्यवस्था आर्थिक ऐन, २०८० मा व्यवस्था भए बमोजिम हुनेछ।

७३। सम्पत्ति कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ति लुकाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पतिको मूल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा

बुझाएको रकम घटाई बांकी रहने रकममा जरीवाना गरी असूल गरिनेछ।

७४। राजश्व सुधार योजना बमोजिम कर प्रशासनलाई व्यवस्थित गर्दै लगिनेछ ।

७५। नगरपालिका बाट माथि उल्लेखित कार्यहरू पूरा गर्न आन्तरिक आयका स्रोतहरू बाट रु. १९ करोड ५५ लाख संकलन गरिनेछ । बाँकी रकम संघीय सरकार र प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान, नगरपालिका ले राजस्व बाँडफाँड प्राप्त गर्ने रकम र अन्य रकमबाट परिचालन गरिनेछ।

७६। कुल बजेटको ५३.२ प्रतिशत चालु तर्फ र ४८.८ प्रतिशत पूँजीगततर्फ खर्च हुने अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय,**

७७। बस्तीस्तर बाट माग भइ आएका तर नगरपालिकाको स्रोतबाट सञ्चालन हुन नसक्ने ठूला योजनाहरूलाई केन्द्र तथा प्रदेश सरकारमा अनुरोध गर्ने व्यवस्था गरिएको छ ।

७८। बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नुहुने नगरमा क्रियाशील राजनीतिक दलहरू, नगर प्रमुखज्यू, वडाध्यक्ष ज्यूहरू, राजश्व परामर्श समितिका पदाधिकारीहरु, सिद्धार्थ उद्योग वाणिज्य संघ, उद्योग

व्यापार संगठन, रूपन्देही, विभिन्न विषयगत समिति, कार्यपालिकाका सदस्यहरू तथा अन्य समाजसेवी, बुद्धिजीवी, सञ्चार क्षेत्रलाई विशेष धन्यवाद दिँदै आभार व्यक्त गर्न चाहन्छु। बजेट निर्माण कार्यमा अहोरात्र खटिइ सहयोग गर्नुहुने नगरपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। हामीलाई रचनात्मक सुझाव र सल्लाह दिई नगरको आर्थिक र सामाजिक रूपान्तरण तथा समृद्धि मा निरन्तर सहयोग पुर्याउने सबै करदाता र नगरबासीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**अन्त्यमा,**

यस नगरसभामा उपस्थित हुनु हुने नगरसभाका सम्पूर्ण सदस्यहरू तथा व्यवस्थापनमा रहेर सहयोग पुर्याउनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर अगाडि बढ्ने विश्वास दिलाउँदै प्रस्तुत बजेट र कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको निरन्तर सहयोग रही रहनेछ भन्ने अपेक्षा सहित धन्यवाद ज्ञापन गर्दछु।

उमा अधिकारी
उप-प्रमुख